श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः—

२०२९ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

निकासी पैठारी (नियन्त्रण) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः— निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम "निकासी पैठारी (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ४ मा संशोधनः— मूल ऐनको दफा ४ को उप-दफा (२) को खण्ड (छ) पछि देहायको खण्ड (ज), (झ) र (ञ) थपिएको छः—

"(ज) लाइसेन्स वहाल रहने अवधि तोक्ने र अवधि समाप्त भएको लाइसेन्सको म्याद बढाउने,

(झ) लाइसेन्स खारेज गर्न वा स्थगित हुन सक्ने अवस्था,

(ञ) लाइसेन्सबमोजिम निकासी पैठारी भएको वस्तुहरूको तोकिएबमोजिमको तथ्यांक वा विवरण दाखिल गराउने ।"

३. मूल ऐनको दफा ५ मा संशोधनः— मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५. दण्ड सजाय– (१) यो ऐन वा यस ऐन अन्तर्गतको सूचित आदेशबमोजिम नियन्त्रण वा मनाही गरिएको वस्तु वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको लाइसेन्समा तोकिएको वस्तु वा त्यसको मूल्यमा फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा बिगो जफत गरी निजलाई बिगोबमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उप-दफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू वखिलाप अन्य कुनै काम कुरा गर्नेलाई यस ऐनबमोजिम निकासी वा पैठारी लाइसेन्स जारी गर्न अधिकार प्राप्त अधिकारीले पांचसय रूपैयाँसम्म जरिवाना गर्ने गरी आदेश दिन सक्नेछ ।

४. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. मुद्दा हेर्ने अधिकार र पुनरावेदनः– (१) दफा ५ को उप-दफा (१) बमोजिम कसूर सम्बन्धी मुद्दाको शुरूकारवाई र किनारा गर्ने अधिकार सम्बन्धित इलाकाको भन्सारको हाकिमलाई हुनेछ र निजले गरेको निर्णयउपर पैंतीस दिनभित्र अञ्चलाधीश समक्ष पुनरावेदन लाग्नेछ ।

(२) उप-दफा (१) बमोजिम अञ्चलाधीशको निर्णयउपर चित्त नबुझ्ने पक्षले सो निर्णयउपर पैंतीस दिनभित्र आयकर अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

५. मूल ऐनमा दफा ६ क. थपः– मूल ऐनको दफा ६ पछि देहायको दफा ६ क. थपिएको छः–

"६क. जाहेरवालालाई पुरस्कार दिनेः– यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको सूचित आदेशको वखिलाप कसैले कुनै वस्तुको निकासी वा पैठारी गरेको कुरामा कसैले जाहेर गरी कारवाही चल्दा त्यस्तो काम कुरा गरेको प्रमाणित भएमा सम्बन्धित वस्तुको मोलको सयकडा पचास प्रतिशतले हुने रकम पुरस्कार स्वरूप त्यस्तो जाहेरवालालाई दिइनेछ ।

तर जाहेर गर्नु पर्ने मुनासिव कारण वा आधार भै कारवाई चलेकोमा बाहेक दुःख दिने वा रीस ईवि साधने नियतले मात्र झुठ्ठा कुराको जाहेर गरेको ठहरेमा त्यस्तो झुठ्ठा कुरा जाहेर गर्ने व्यक्तिलाई दुईसय रूपैयाँदेखि पांचसय रूपैयाँसम्म जरिवाना हुनेछ ।"

लालमोहर सदर मिति– २०२९।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

१९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२९ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नेपाल आयकर ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– नेपाल आयकर ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नेपाल आयकर (पहिलो संशोधन) ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (ग), (घ), (ञ) र (ण) को सट्टा देहायको खण्ड (ग), (घ), (ञ) र (ण) राखिएको छ ।

(ग) "कर अधिकृत" भन्नाले यो ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले नियुक्ति गरेको वा तोकेको कर अधिकृत प्रमुख कर अधिकृत वा अन्य कुनै अधिकृत सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "करदाता" भन्नाले यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम आयकर तिर्नुपर्ने कर्तव्य भएका वा त्यस्तो आयकर तिर्नुपर्ने भन्ने ठानी कर अधिकृतले यस ऐन अन्तर्गत सूचना वा अरू कुनै कारवाई गरिएका व्यक्ति वा फर्म सम्झनु पर्छ ।

(ङ) "पारिश्रमिक" भन्नाले नगदी वा जिन्सीको रूपमा पाएको तलब, विशेष तलब, भत्ता, विशेष भत्ता, महंगी भत्ता, दुर्गम स्थान भत्ता, सवारी सुविधा, सवारी भत्ता, कमिशन, फिस, निवृत्तिभरण, उपदान, बोनस र अन्य सुविधा समेतलाई जनाउँछ । तर सो शब्दले बिदेश भत्ता, औषधी भत्ता, दैनिक वा भ्रमण भत्ता, लुगा भत्ता, नेताभत्ता, पाकेट खर्च, भैपरी आउने खर्च र यस्तै सोध भर्ना रूपमा पाएको अन्य खर्चलाई जनाउने छैन ।

जिन्सीको रूपमा पाएको कुनै सुविधालाई यस ऐनको प्रयोजनको लागि तोकिएबमोजिमको हिसाबले नगदीमा परिणत गरिनेछ ।

(ण) "कर निर्धारण" भन्नाले पुनः कर निर्धारण र यस ऐनबमोजिम जरिवाना तोक्ने आदेश समेतलाई जनाउँछ ।

(२) मूल ऐनको दफा २ को खण्ड (ण) पछि देहायका खण्ड (त), (थ), (द), (ध), (न), (प), र (फ) थपिएको छः–

(त) "व्यक्ति" भन्नाले विवाह नभएको वा विधुर वा बिधुवा वा सम्बन्ध बिच्छेद भएको पुरूष वा महिला र फर्म (साझेदारी फर्म लगायत) समेतलाई जनाउँछ ।

(थ) "दम्पति" भन्नाले वैवाहिक सम्बन्ध कायम रहेका पति, पत्नी, सम्झनुपर्छ ।

(द) "परिवार" भन्नाले पति, पत्नी, सगोलका नाबालक छोरा, छोरी, आय श्रोत नभएका भाइ, बहिनी, आमा, र बाबु सम्झनुपर्छ ।

(ध) "साझेदारी" फर्म भन्नाले साझेदारी सम्बन्धी नेपाल कानून अन्तर्गत दर्ता भएको साझेदारी फर्म सम्झनुपर्छ । तर यस शब्दले सगोलका परिवारका सदस्यहरूमात्र हिस्सेदार भएको साझेदारी फर्मलाई जनाउने छैन ।

(न) "गैर वासिन्दा" भन्नाले नेपाल अधिराज्यबाहिर बसोवास गरी नेपाल अधिराज्यभित्रका आयका श्रोतहरूबाट आय आर्जन वा प्राप्त गर्ने करदाता सम्झनुपर्छ ।

(प) "अस्थायी वासिन्दा" भन्नाले देहायका करदाताहरू सम्झनुपर्छः–

(क) कुनै आर्थिक वर्ष भरी १८० दिन वा सोभन्दा कम अवधिसम्म नेपाल अधिराज्यमा बसोवास गरेको व्यक्ति,

(ख) प्रचलित नेपाल कानूनबमोजिम दर्ता नभएको फर्म,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रचलित नेपाल कानूनबमोजिम दर्ता गरी वा नगरी कुनै विदेशी फर्म वा संगठित संस्थाको शाखा प्रशाखाको रूपमा वा त्यस्तो फर्म वा संस्थाको नियन्त्रणमा संचालन भइरहेको फर्म वा संगठित संस्था,

तर यस शब्दले एजेन्सी सम्बन्धी प्रचलित कानूनबमोजिम दर्ता भएको ऐजेन्सी, डिलरसीप, स्टकिष्ट, डिस्ट्रीब्यूटर, नोमेनी वा रेप्रेजेन्टेटिभहरूलाई जनाउने छैन ।

(फ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को सट्टामा देहायको दफा ३ राखिएको छः–

३. आय कर निर्धारण र असूल उपर गर्नेः– साल वसाली वा कुनै एक सालको निमित्त आय कर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा यस्तो आय कर यो ऐन र यस अन्तर्गत बनेको नियमबमोजिम अघिल्लो वर्षभित्र आर्जन गरिएको वा प्राप्त भएको आयमा निर्धारण गरी असूल उपर गरिनेछ । तर आय कर निर्धारण गर्दा प्रचलित नेपाल कानून बमोजिम व्यवस्था गरिएको कर लाग्ने एकाईभित्रको सबै सदस्यको संयुक्त आयमा कर लगाई असूल उपर गरिनेछ । एकाई कायम गर्दा वर्षको अन्तिम दिन जस्को जे जे स्थिति छ सोही आधारमा एकाई कायम गरी आय कर निर्धारण र असूल उपर गरिनेछ ।

४. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

५. मूल ऐनको दफा ७ मा संशोधनः– (१) मूल ऐनको दफा ७ को उप-दफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ ।

(३) उप-दफा (१) वा (२) बमोजिम दाखिल गर्नु गराउनु पर्ने विवरण कसैले दाखिल नगरे नगराएमा त्यस्तालाई कर अधिकृतको आदेशले रू. ५००।– सम्म जरिवाना हुन सक्नेछ ।

(२) मूल ऐनको दफा ७ को उपदफा (४) पछि देहायको उप-दफा (५) थपिएको छः–

(५) उप-दफा (१) वा (२) वा दफा ८ बमोजिम पेश हुन आएको विवरण झुठ्ठा ठहरिएमा यस्तो झुठ्ठा विवरण पेशगर्ने करदातालाई कर अधिकृतले झुठ्ठा विवरणको कारणबाट जे जति घटी कर दाखिल भएको वा हुने भएको हो सो फरक परेको करको रकमको बढीमा शत-प्रतिशतसम्मको रकम जरिवाना गर्न सक्नेछ ।

६. मूल ऐनको दफा १० मा संशोधनः– (१) मूल ऐनको दफा १० को उप-दफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (१) वा दफा १४,१५,१६,१७, र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सो ऐनबमोजिम आयको विवरण दाखिल गर्नु पर्ने कर्तव्य भएका करदाताले त्यस्तो विवरण दाखिल नगरे वा झुठ्ठा विवरण दाखिल गरेमा सो कर दाताको खूद आय र सो आयमा लाग्ने कर निर्धारण यथाशक्य न्यायोचित अनुमानबाट गरिनेछ । त्यसरी कर निर्धारण गर्दा कर अधिकृतले देहायका कुराहरूको आधारमा कर निर्धारण गर्नेछः-

(क) कर निरीक्षक वा अरू कसैको तथ्यपूर्ण ठहरिएको गोप्य प्रतिवेदन,

(ख) यस्तै किसिमका अरू करदाताको यस्तै किसिमका कारोवार वा व्यवसायमा के कति खूद आय निर्धारण भएको छ सो आधार,

(ग) कर अधिकृतले त्यस्तो करदाताको सम्बन्धमा प्राप्त गरेको अन्य कुनै तथ्यपूर्ण प्रतिवेदन ,

(घ) कर अधिकृतले मुनासिव सम्झेको अन्य आधार ।

(२) मूल ऐनको दफा १० को उपदफा (३) पछि देहायको उपदफा (४) राखिएको छः-

(४) उप-दफा (१),(२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर अधिकृतले अपुतालि परे आफूले खान पाउने नाताको कुनै व्यक्तिको आय र कर निर्धारण गर्न हुँदैन । त्यस्ता व्यक्तिको आय र करको निर्धारण कर विभागले तोकिदिएको कर अधिकृतले गर्नेछ ।

७. मूल ऐनको दफा १० पछि थपः- मूल ऐनको दफा १० पछि देहायको दफा १० क. थपिएको छः-

१०क. अग्रिम आयकर दाखिल गराउने अधिकारः- (१) आयकर छली भागी जाने शंका भएका आय आर्जन गर्ने विदेशीसंग अग्रिम रूपमा धरौटी आयकर दाखिल गराई कर निर्धारण सम्बन्धी कारवाई गर्न सकिनेछ ।

(२) उप-दफा (१) मा उल्लेख गरिएदेखि बाहेक अन्य करदाताहरूको सम्बन्धमा यस ऐनबमोजिम तोकिएको म्यादभित्र आय विवरण पेश नभएमा वा आय विवरण पेश भै उक्त विवरणको कर निर्धारण तत्काल हुन नसक्ने स्थिति भएमा यस ऐनबमोजिमको अन्य कारवाई र कर निर्धारणमा कुनै बाधा अडकर नपर्ने गरी कर निर्धारण भइ सकेको पछिल्लो वर्षको कर निर्धारण बमोजिमको खूद आयमा वा पेश भएका विवरण बमोजिमको खूद आयमा लाग्ने आयकरको रकम अग्रिम रूपमा कर अधिकृतले बढीमा ३५ दिनको म्याद दिई धरौटी दाखिल गराउन सक्नेछ ।

(३) उप-दफा (१) वा (२) अन्तर्गतको आदेशमा चित्त नबुझ्ने करदाताले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र श्री ५ को सरकार समक्ष निवेदन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल ऐनको दफा ११ मा संशोधनः— मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः—

११. आय निर्धारण समिति गठन गर्न सक्नेः— (१) दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक सम्झेमा कुनै करदाताबाट असूल गर्नु पर्ने आय करको निर्धारण गर्ने प्रयोजनको निमित्त निजको खूद आय निर्धारण गराउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको एकजना अध्यक्ष र अरु चारजना सदस्यहरू भएको आय निर्धारण समिति गठन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठन भएको समितिको गणपूरक संख्या तीन हुनेछ ।

(३) बहुमतको निर्णय मान्य हुनेछ । साधारणतः अध्यक्षले मत दिन पाउने छैन तर मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) उप-दफा (१) बमोजिम गठित समितिले खूद आय निर्धारण गर्दा सो समितिले दफा १० को उप-दफा (३) मा उल्लेख भएका आधारहरूको अतिरिक्त श्री ५ को सरकारले अन्य कुनै आधार तोकिदिएको छ भने सो आधार-मा समेत खूद आय निर्धारण गर्नेछ ।

(५) उप-दफा (१) बमोजिम गठन भएको समितिको निर्णयको सूचना प्राप्त भएपछि कर अधिकृतले सो निर्णय अनुसारको खूद आयमा प्रचलित नेपाल कानूनबमोजिम लाग्ने आयकर निर्धारण गर्नेछ ।

९. मूल ऐनको दफा १२ मा संशोधनः— मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः—

१२. आयकरको भुक्तानीः— (१) दफा १० वा दफा ११ अन्तर्गत निर्धारण गरिएको आयकर, कर निर्धारण आदेश प्राप्त भएको मितिले ३५ दिनभित्र करदाताले सोही आदेशमा तोकिएको बैंक वा कार्यालयमा दाखिल गर्नु गराउनु पर्छ ।

(२) उप-दफा (१) मा तोकिएको म्यादभित्र सो निर्धारित रकम दाखिल गर्न नसक्ने कारण भएमा सोही म्याद भित्रै जरिवाना लागेको भए सो दाखिल गरी बाँकी करको हकमा थप म्यादको निमित्त कर विभागको निर्देशक समक्ष आवेदन गर्न सक्नेछ । प्राप्त निवेदनमा उल्लिखित कारणहरू मुनासिव देखिएमा निर्देशकले सोही आर्थिक वर्षभित्र भुक्तानी हुनेगरी किस्ताबन्दीमा वा बढीमा ६ महीनासम्मको थप म्याद दिन सक्नेछ । यस्तो किस्ताबन्दी वा थप म्यादको अवधिमा सयकडा १० का दरले शुल्क लाग्नेछ ।

269
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नगरे नगराएमा कर अधिकृतको सूचनाअनुसार सो रकम श्री ५ को सरकारले तोकेको अधिकारी वा कार्यालयबाट प्रचलित नेपाल कानूनको कार्य प्रणालीबमोजिम त्यस्तो करदाताको जायजाद गरी असूल उपर गरी लिनेछ ।

तर, त्यसरी करदाताको जायजाद हुनुभन्दा अगावै निजले करको रकम दाखिल गर्न ल्याएमा लाग्ने करको रकमको सयकडा १० का दरले जरिवाना समेत लगाई कर असूल गर्न सकिनेछ ।

१०. मूल ऐनको दफा १५ मा संशोधनः— मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः—

(१५) घरजग्गा बहालको खूद आय निकाल्ने तरिकाः— घरजग्गा बहालबाट प्राप्त भएको कूल आयमा देहायबमोजिम आय आर्जन वा प्राप्त गर्ने सम्बन्धमा भएका आवश्यकीय र मुनासिव माफिकका खर्चहरू कटाई खूद आय कायम गरिनेछः—

(क) बहाल कबुलियतबमोजिम घरधनीले मर्मत गर्नु पर्ने भै गरिएको मर्मत खर्च रकम तर यस्तो मर्मत खर्च मध्ये घरजग्गाको मौलिक आकृति नै हेरफेर गर्ने हेतुले भएको वा कूल प्राप्त बहालको १० प्रतिशत भन्दा बढी भए जति रकम मिन्हा हुने छैन ।

(ख) घरको बिमाको प्रिमियम तिरेको रकम,

(ग) घरजग्गाको कूत तिरो वा घरजग्गामा लागेको कुनै किसिमको करको रकम टुटफुट कट्टी (डिप्रिसिएशन) लगायत अन्य सबै प्रकारका खर्चहरू बापत कूल बहाल रकमको १० प्रतिशत सम्मको रकम ।

११. मूल ऐनको दफा १६ मा संशोधनः— मूल ऐनको दफा १६ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः—

तर प्रचलित नेपाल कानूनबमोजिम दर्ता वा गठन भएको फर्म वित्तीय संस्था, बैंक वा अरू संगठित संस्थाको खूद आय निर्धारण दफा १८ अन्तर्गत गरिनेछ ।

१२. मूल ऐनको दफा १७ मा संशोधनः— मूल ऐनको दफा १७ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः—

तर प्रचलित नेपाल कानूनबमोजिम रजिष्टर्ड वा दर्ता भएको व्यवसायिक करदाताको आयव्ययको बिवरण पेश भएमा दफा १८ बमोजिम खूद आय कायम गरिनेछ ।

१३. मूल ऐनको दफा १८ मा संशोधनः— मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः—

१८. उद्योग, व्यापार, बिमा व्यवसाय, एजेन्सीको खूद आय निकाल्ने तरिकाः—

(१) उद्योग, व्यापार, बिमा व्यवसाय वा एजेन्सीको खूद आय निर्धारण गर्दा त्यस्तो आय आर्जन वा प्राप्त गर्ने सम्बन्धमा भएका देहायका खर्चहरूमा आवश्यक र मुनासिब माफिकका खर्चहरू कटाइनेछः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बहाल लिएको घरजग्गाको बहाल बापत तिरेको रकम,

(ख) कल सामान, फर्निचर तथा अरू साधनहरूको मर्मतको लागि खर्च भएको र मर्मत गरी बस्ने शर्तमा लिएको घरको हकमा घर मर्मत गर्दा लागेको रकम,

तर यस्तो मर्मती सामानहरू पूर्वबत् स्थितिमा चालू राख्न वा बिभिन्न नदिनसम्मको हुनपर्दछ र यस्तो मर्मत कार्यले गर्दा ती सामानको कार्य क्षमता, मोल वा आयु साबिकमा भन्दा बढी हुने भएमा वा मौलिक आकृतिमा हेरफेर हुने भएमा यस्तो खर्च पुंजिगत खर्च मानी मिन्हा हुने छैन ।

(ग) सापटी लिएको रूपैयाँको व्याज,

(घ) घरजग्गाको कूत तिरो वा घरजग्गामा लागेको कुनै किसिमको रकम,

(ङ) काम लगाइएका कर्मचारी वा मजदूरलाई दिइएको पारिश्रमिक,

(च) असूल नहुने भनी स्रेस्तामा मिन्हाको लागि उल्लेख भएको रकम,

तर, मिन्हा दिन हुने नहुने सम्बन्धमा सबै सबूद प्रमाण दिई सन्तोषजनक लागेमा मात्र कर अधिकृतले मिन्हा दिन सक्नेछ र मिन्हा दिएको रकम असूल उपर भएमा सो रकम असूल भएको सालको आयमा सम्मिलित हुनेछ ।

(छ) परिबहन तथा भ्रमण खर्च,

(ज) डिस्काउण्ट, कमिशन आदि,

(झ) प्रशासकीय खर्चहरू,

(ञ) आय आर्जन वा प्राप्त गर्ने काममा प्रयोग भएका आफ्नो स्वामित्व भएका मेशिन र अन्य सम्पतिहरूको किसिम र टिकाउको आधारमा तोकिएबमोजिमको दरमा नबढाई टुटफुट कट्टी गर्न (डिप्रिसिएशन) पाउने रकम ।

१४. मूल ऐनको दफा १८ पछि थपः- मूल ऐनको दफा १८ पछि देहायको दफा १८ क. थपिएको छः-

१८ क. उद्योग, व्यापार, बिमा व्यवसाय, एजेन्सीको खूद आय निकाल्दा कट्टा गर्न नपाउने रकमः- दफा १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग, व्यापार, बिमा व्यवसाय वा एजेन्सीको खूद आय निर्धारण गर्दा देहायका रकमहरू कट्टी गर्न पाउने छैन ।

(क) यस ऐनबमोजिम अग्रिम आयकर कट्टी गरी मात्र भुक्तानी दिनु पर्नेमा सो कर कट्टी नगरी भुक्तान गरेकोमा यसरी भुक्तानी भएको रकम,

(ख) नियमित पारिश्रमिकको अतिरिक्त दिइने बिभिन्न किसिमका कमिशन आदि,

तर पारिश्रमिक नपाउने गरी दिइएको मुनासिब माफिकको कमिशन मात्र खर्चको रूपमा कटाउन पाइनेछ,

(ग) पब्लिक लिमिटेड कम्पनी बाहेक अरू करदाताहरूको आफ्नो हिस्सेदार वा एकाई भित्रका सदस्यहरूलाई दिएको पारिश्रमिक, ब्याज, कमिशन, बहाल आदि,

263 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[(घ) काममा लगाइएका कुनै कर्मचारी वा मजदूरलाई मासिक रू. ३०००।– भन्दा बढी तलब भत्ता दिइएको भए सो बढी भए जतिको रकम,

(ङ) पुंजिगत खर्चहरू,

(च) आफ्नै घर जग्गा वा अन्य सम्पत्तिको बहाल,

(छ) जगेडा कोष र यस्तै खूद मुनाफाबाट छुट्याइएका अन्य रकमहरू,

(ज) आय आर्जन वा प्राप्त गर्ने काममा सम्बन्ध नभएका खर्चहरू ।

१५. मूल ऐनको दफा १९ मा संशोधनः– मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

१९. आय कर रिहाई दिन सक्नेः– (१) यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम लाग्ने आय कर आधारभूत र प्राथमिकता प्राप्त उद्योग भनी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका नयां खोलिने उद्योगहरूलाई यस्तो उद्योगको औद्योगिक आयमा उत्पादन शुरू भएको मितिले बढीमा १० वर्षसम्म पूरा वा आंशिक आय कर रिहाई दिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम रिहाई पाउनको लागि त्यस्तो उद्योगले आयकर रिहाई पाउनु पर्ने उद्योग हो भनी उद्योग वाणिज्य मन्त्रालयको शिफारिस समेत प्राप्त गरेको हुनुपर्छ ।

(३) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी आयकर रिहाई पाएका उद्योगले पनि यस ऐनका अन्य दफाहरूमा लेखिएका करदाताले पालना गर्नु पर्ने सबै व्यवस्थाहरू पालन गर्नु पर्नेछ ।

१६. मूल ऐनको दफा २० मा संशोधनः– (१) मूल ऐनको दफा २० को उप–दफा (२), (३) र (४) को सट्टा देहायको उप–दफा (२), (३) र (४) राखिएको छः–

(२) उप–दफा (१) मा उल्लिखित अधिकारीबाट भएको निर्णयमा चित्त नबुझने पक्षले, निर्णयको सूचना पाएका ३५ दिनभित्र आय र कर अदालतमा पूनरावेदन गर्न सक्नेछ ।

(३) आफूलाई लाग्ने ठहरिएको कर र जरिवाना वापतको रकम वा त्यस मध्ये ५० प्रतिशत नगदै र बांकी ५० प्रतिशतको धन जमानी सम्बन्धित कर कार्यालयमा वा कर अधिकृतले तोकेको कार्यालयमा नराखेसम्म उप-दफा (१) वा (२) बमोजिमको पुनरावेदन लाग्ने छैन ।

(४) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उप–दफा (१) वा (२) बमोजिम लाग्न सक्ने पुनरावेदनको निम्ति कुनै किसिमको थप म्याद पाइने वा दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर पुनरावेदन सुन्ने अधिकारीले चित्त बुझ्ने मनासिब माफिकको कारण देखेमा एक पटक बढीमा उप–दफा (१) वा (२) बमोजिमको म्याद नाघेको मितिले १५ दिनसम्मको म्याद थप गरिदिन सक्नेछ ।

(२) मूल ऐनको दफा २० को उप–दफा (७) पछि देहायको उप–दफा (८) थपिएको छः–

(८) उपदफा (२) अन्तरगत पुनरावेदन परेका मुद्दामा आय र कर अदालतले गरेको फैसला वा आदेश अन्तिम हुनेछ र त्यस उपर कुनै अन्य अदालतमा पुनरावेदन लाग्ने छैन ।

तर आय र कर अदालतको फैसला वा आदेशमा प्रत्यक्ष रूपबाट कुनै कानूनी त्रुटी हुन गएको छ भन्ने कुरामा आफ्नो चित्त बुझेमा सो फैसला वा आदेश उपर पुनरावेदन सुनी अन्तिम फैसला वा आदेश गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

१७. मूल ऐनको दफा २४ पछि थपः– मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थपिएको छः–

२४ क. कर निर्धारण आदेश दोहरयाउन सकिनेः– यस ऐन वा प्रचलित नेपाल कानून-बमोजिम दाखिल गर्नु पर्ने आय बिवरण कसैले झुट्टा दाखिल गरे गराएको रहेछ र यस्तो झुट्टा बिवरणको कारणले गर्दा कसैको करको दायित्व कम हुन गएको छ भन्ने कुरा यस्तो कर निर्धारण भएको मितिले २ वर्षभित्र पत्ता लागी श्री ५ को सरकारलाई चित्त बुझेमा श्री ५ को सरकारले यस्तो झुट्टा बिवरणको आधारमा कर निर्धारण भएको कर निर्धारण आदेश रद्द गरी पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ ।

यस उपदफाको प्रयोजनको निमित्त झुट्टा भन्नाले देहायबमोजिमको कुनै वा सबै अवस्था जनाउनेछः–

(क) भैराखेको कुनै आय श्रोत पूरा वा आंशिक रुपमा दवाएमा,

(ख) कुन श्रोतबाट भएको आय सम्पूर्ण वा आंशिक रूपमा नदेखाई दवाएमा,

(ग) बिवरण वा हिसाव पुष्टी गर्न नक्कली बिल, भरपाई वा यस्तै प्रमाणको सहारा लिएकोमा वा खूद खर्च भन्दा बढीको बिल, भरपाई आदि पेश गरेमा ।

लालमोहर सदर मिति– २०२९।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

962

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२०६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।